**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

प्रेस विज्ञप्ति– ३ चैत २०६२ (१६ मार्च २००५)

---

## ओएचसिएचआर-नेपाल नयाँ मानवअधिकार परिषद्को स्वागत गर्दछ

मानवअधिकार उच्चायुक्त लुइस आर्वरले चैत २ (मार्च १५) मा सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद् (United Nations Human Rights Council) स्थापना गर्नेबारे महासभामा गरिएको निर्णयको स्वागत गर्नुभएको छ ।

उच्चायुक्तले एक वक्तव्यमा सो निर्णयलाई "संसारभरिका मानिसका मौलिक स्वतन्त्रताहरूको संरक्षण र प्रवर्द्धनको सुधार गर्नका लागि एक ऐतिहासिक अवसर" भएको भनी टिप्पणी गर्नुभएको छ । परिषद् स्थापनाले "विश्व समुदाय एक होओस् र अन्तर्राष्ट्रिय मानवअधिकार प्रणालीको केन्द्रमा बलियो संस्थाको सिर्जना गरोस् भन्ने अपेक्षा"को जवाफ दिएको कुरा उहाँले बताउनुभयो ।

नयाँ मानवअधिकार परिषद्ले वर्तमान मानवअधिकार आयोगलाई प्रतिस्थापन गर्नेछ । यसअतिरिक्त, जेनेभास्थित परिषद्ले असार ५ (जुन १९) देखि आफ्नो कार्यारम्भ गर्नेछ । अधिवेशनका कार्यसूचीको निर्क्योल भएपछि आयोगको ६२औं अधिवेशन चैत ७ (२० मार्च) सोमबारदेखि पुनःसुरु हुनेछ । मानवअधिकार आयोगको कार्यादेश असार २ (जुन १६) मा समाप्त हुनेछ ।

स्वतन्त्र अनुसन्धानकर्ताहरू तथा नागरिक समाजको वृहत् सहभागिताजस्ता मानवअधिकार आयोगका केही सर्वोत्तम पक्षहरूलाई कायमै राख्नुका अतिरिक्त नयाँ मानवअधिकार परिषद्मा सदस्यताका लागि प्रत्याशीहरूले मानवअधिकारबारे प्रतिबद्धता व्यक्त गर्नुपर्ने, निर्वाचित सदस्यहरू आफ्ना मानवअधिकार रेकर्डहरूको विश्वव्यापी आवधिक समीक्षाअन्तर्गत छानबिनमा पहिलो लाइनमा पर्ने र मानवअधिकारको गम्भीर र योजनाबद्ध उल्लङ्घन गर्ने सदस्यहरूलाई निलम्बन गर्न सकिनेजस्ता महत्वपूर्ण विशेषता रहनेछन् । सदस्यहरूले परिषद् तथा यसका विभिन्न संयन्त्रलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु पर्नेछ ।

मानवअधिकार परिषद्को निर्वाचन पद्धति पनि मानवअधिकार आयोगमाथि भएको प्रमुख सुधार हो । परिषद्मा निर्वाचित हुन संयुक्त राष्ट्रसङ्घ सदस्य राष्ट्रहरूको पूर्ण बहुमत आवश्यक पर्नेछ । १९१ सदस्यहरूमध्ये कम्तीमा पनि ९६ ले गोप्य मतदानमार्फत् कुनै पनि राष्ट्रको सदस्यतालाई समर्थन गर्नुपर्दछ । यो सङ्ख्या कुनै देशलाई आयोगको सदस्यताका लागि चाहिने २८ वा सोभन्दा कम मतभन्दा निकै माथि छ र यसले बदनाम मानवअधिकार उल्लङ्घनकर्ताहरूको निर्वाचन रोक्न सहयोग गर्नेछ ।

उच्चायुक्तका नेपालस्थित प्रतिनिधि इयान मार्टिनले आज भन्नुभएको छ :

> "म पूर्ण रूपले स्पष्ट गर्न चाहन्छु कि मानवअधिकार आयोगको स्थापना वा मानवअधिकार आयोगको बन्दले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (OHCHR)को कार्यादेश प्रभावित हुने छैन् । नेपालमा मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि उच्चायुक्त र श्री ५ को सरकारबीच सन् २००५ अप्रिलमा सम्पन्न दुई वर्षे सम्झौताअन्तर्गत हामी निरन्तर आफ्नो कार्य सञ्चालन गर्नेछौं ।"